का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक २७८
- १६ मंसिर २०७८, बिहीबार
- 2 December 2021, Thursday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।

# थापा र लिङ्देन आमने–सामने

## ■ राष्ट्रियताको सवालमा राप्रपाको प्रशंसा




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १५ मंसिर ।

संघीयता खारेजी, हिन्दू राष्ट्र र राजसंस्थाको वकालत गर्दै आएको राष्ट्रिय प्रजातन्त्र पार्टी राप्रपाले महाधिवेशनबाट नयाँ नेतृत्व चयन गर्दैछ । एकताको महाधिवेशनको उद्घाटन समारोहमा शुभकामना दिन पुगेका अन्य दलका नेताहरुले विचारमा फरक भए पनि राष्ट्रियताको सवालमा राप्रपाले खेलेको भूमिकाको उच्च प्रशंसा गरे ।

संघीय लोकतान्त्रिक गणतन्त्र विरुद्ध वकालत गर्दै आएको राष्ट्रिय प्रजातन्त्र पार्टीको महाधिवेशनमा प्रधानमन्त्री शेरबहादुर देउवादेखि प्रायः सबै दलका शीर्ष नेताहरु शुभकामना दिन पुगे । भृकुटी मण्डपमा आयोजित उद्घाटन समारोहमा शुभकामना दिँदै प्रधानमन्त्री देउवाले एउटै विचार भएका पार्टी एकढिक्का हुनु राम्रो कुरो भएको बताए ।

> एकताको महाधिवेशनको उद्घाटन समारोहमा शुभकामना दिन पुगेका अन्य दलका नेताहरुले विचारमा फरक भए पनि राष्ट्रियताको सवालमा राप्रपाले खेलेको भूमिकाको उच्च प्रशंसा गरे ।

नेकपा एमालेको १० औं महाधिवेशनबाट भर्खरै वरिष्ठ उपाध्यक्षमा निर्वाचित ईश्वर पोखरेलले मुलुकको राजनीति दुई ध्रुवमा विभक्त भएको भन्दै राप्रपालाई आफ्नो कित्तामा उभिन आग्रह गरे । उनले राष्ट्रिय स्वाभिमानको रक्षा, विकास र समृद्धि पक्षमा एकताबद्ध हुन शुभकामना दिए ।

मुलुकमा गणतान्त्रिक व्यवस्था ल्याउन मुख्य भूमिका खेलेका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले पनि राप्रपाको खुलेर प्रशंसा गरे । उनले राष्ट्रियता र देशभक्तिको सवालमा राप्रपासँग माओवादीको धारणा मिल्ने भन्दै सहकार्यका लागि आग्रहसमेत गरे ।

नेकपा एमालेबाट विद्रोह गरेर नेकपा एकीकृत समाजवादी गठन बाँकी पृष्ठ २ मा

### ■ प्रतिस्पर्धी धेरै

हालका एक अध्यक्ष कमल थापा र महामन्त्री राजेन्द्र लिङ्देनले भावी अध्यक्षका लागि उम्मेदवारी घोषणा गरेका छन् । साविक तीन अध्यक्ष मध्ये पशुपतिशम्शेर राणा र प्रकाशचन्द्र लोहनीले चुनाव नलड्ने घोषणा गरिसकेका छन । लोहनीले लिङदेनलाई समर्थन गर्ने बताएका छन् भने राणा अहिलेसम्म खुलेका छैनन् । यद्यपि राणाका पनि धेरै कार्यकर्ता लिङदेनकै समर्थनमा उभिएका छन् ।

राप्रपामा अध्यक्षपछि उपाध्यक्ष र महामन्त्रीमा पनि चुनाव हुने व्यवस्था छ । पार्टीको विधानअनुसार एक महिलासहित चार उपाध्यक्ष र एक महिलासहित तीन महामन्त्री महाधिवेशनले निर्वाचित गर्नेछ । राप्रपामा पहिलोपटक अध्यक्षबाहेकका पदाधिकारीमा निर्वाचन हुन लागेको हो ।

लिङ्देनको प्यानलबाट एक महामन्त्रीमा धवलशम्शेर राणाको उम्मेदवारी घोषणा भइसकेको छ । नेपालगञ्ज उपमहानगरपालिकाका मेयरसमेत रहेका राणा अध्यक्षकै आकांक्षी थिए । तर, पछि अध्यक्षमा लिङदेनलाई समर्थन गर्दै आफू महामन्त्री उठ्न तयार भएका हुन् ।

महामन्त्रीका लागि उनलाई सबैभन्दा बलिया आकांक्षीका रूपमा हेरिएको छ । कमल थापा पक्षबाट उपाध्यक्षमा बुद्धिमान तामाङले उम्मेदवारी घोषणा गरेका छन् । यस्तै महानमन्त्रीमा कुन्ती शाही र भुवन पाठकले उम्मेदवारी घोषणा गरेका छन् । पदाधिकारीका अन्य आकांक्षीहरूमा लिङदेन पक्षबाट श्याम तिमल्सिना गोविन्दराज खनिया, मुकुन्दश्याम गिरी, विन्दु पौडेल, दुर्गा श्रेष्ठ, रेखा थापा लगायत छन । थापा पक्षबाट भाष्कर गहतराज, ध्रुवबहादुर प्रधान, जयन्त चन्द, भीम प्रसाद गौतन, अर्जुन राई, बसन्त मानसिंह अधिकारी, गीता बस्नेत, रोशन कार्कीलगायत नेताहरू उपाध्यक्ष र महामन्त्रीका आकांक्षी छन । राप्रपामा उपाध्यक्ष र महामन्त्रीपछि सहमहामन्त्री, सहायक महामन्त्री, प्रवक्ताहरू रहने व्यवस्था छ । बाँकी पृष्ठ २ मा

# सर्वोच्चमा पहिलो पटक गोलाप्रथा



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १५ मंसिर ।

गोला प्रथाबाट पेशी तोकेको पहिलो दिन नै सर्वोच्च अदालतमा मुद्दाको सुनुवाइ प्रभावित भएको छ । कानुन व्यवसायीले प्रधानन्यायाधीशको विषयमा अन्योल भएको भन्दै प्रश्न उठाएपछि बुधबारको इजलासमा सुनुवाइ प्रभावित भएको हो । कानुन व्यवसायीले प्रधानन्यायाधीशले काम गर्न नसकेको अवस्थामा कायम मुकाय प्रधानन्यायाधीशको जिम्मेवारी दिनुपर्ने संवैधानिक व्यवस्था रहेको भन्दै आज प्रधानन्यायाधीशबारे प्रश्न उठाएका छन् ।

उनीहरुले विषय निराकरण नगरी मुद्दाको सुनुवाइ गर्न उचित नहुने बताएपछि सुनुवाइ प्रभावित भएको हो । न्यायाधीशहरुले गोलाप्रथाबाट इजलास गठन गरेर मुद्दा सुनुवाइ गर्न थालेपछि नेपाल बारका अध्यक्ष श्रेष्ठ र सर्वोच्च अदालत बार एशोसिएसनका अध्यक्ष पूर्णमान शाक्यले इजलासमा प्रवेश गरी प्रधानन्यायाधीशको अन्योलताको विषयमा प्रश्न उठाएका थिए । प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा कोरोना संक्रमण भएपछि सोमबारदेखि बलम्बुस्थित सशस्त्र प्रहरी बलको अस्पतालमा उपचाररत छन् ।

नेपालको न्यायालयको इतिहासमा पहिलोपटक सर्वोच्च अदालतमा गोला प्रक्रियाबाट आजदेखि मुद्दाको पेसी तोकी सुनवाइ प्रारम्भ भएको हो । सर्वोच्च अदालतको नियमावली संशोधन गरी पहिलोपटक गोला तानेर इजलास गठन गर्ने र गोला तानेर नै मुद्दाको सुनुवाइमा भाग लिने अभ्यास प्रारम्भ भएको हो ।

उक्त प्रक्रियाबाट सर्वोच्च अदालतमा ११ वटा इजलास गठन भएका छन् । तीमध्ये संयुक्त नौवटा र एकल दुईवटा इजलास गठन भएका छन् । न्यायाधीशहरु हरिकृष्ण कार्की र बमकुमार श्रेष्ठको संयुक्त इजलासमा सबैभन्दा कम एक थान मुद्दा छ । उहाँको इजलासमा मिलापत्रको आदेश संशोधन गरी पाऊँ भन्ने कृष्णबहादुर तामाङ्को मुद्दा परेको छ । न्यायाधीश अनिलकुमार सिन्हा र कुमार रेग्मीको संयुक्त इजलासमा सबैभन्दा बढी ४३ थान मुद्दामा पेसी तोकिएको छ । जसमा बन्दीप्रत्यक्षीकरण, अंश, फैसला बदर, हर्जाना क्षतिपूर्ति दिलाई पाऊँ, किचलो मेटाई हक कायम, अपुताली हक कायमजस्ता मुद्दाहरु परेका छन् ।

न्यायाधीशहरु दीपककुमार कार्की र टंकबहादुर मोक्तानको संयुक्त इजलासमा १६ थान मुद्दामा पेसी तोकिएको छ । त्यसमा बन्दी र अन्य विविध खालका मुद्दाहरु रहेका छन् । न्यायाधीशहरु हरिकृष्ण कार्की र सुष्मालता माथेमाको संयुक्त इजलासमा २८ थान मुद्दाको पेसी परेको छ ।

न्यायाधीशहरु विश्वभरप्रसाद श्रेष्ठ र बमकुमार श्रेष्ठको संयुक्त इजलासमा १५ थान मुद्दा, न्यायाधीशहरु डा आनन्दमोहन भट्टराई र डा मनोजकुमार शर्माको संयुक्त इजलासमा १५ थान मुद्दा, न्यायाधीशहरु अनिलकुमार सिन्हे र कुमार रेग्मीको संयुक्त इजलासमा सबैभन्दा बढी ४३ थान मुद्दामा पेसी तोकिएको छ ।

न्यायाधीशहरु प्रकाशमान सिंह राउत र हरिप्रसाद फुयाँलको संयुक्त इजलासमा १७ थान मुद्दा, न्यायाधीशहरु सपना प्रधान मल्ल र प्रकाशकुमार ढुङ्गानाको संयुक्त इजलासमा १९ थान मुद्दा, न्यायाधीशहरु तेजबहादुर केसी र नहकुल सुवेदीको इजलासमा २० थान मुद्दामा पेसी तोकिएको छ ।

त्यस्तै, एकल इजलासहरुमा न्यायाधीश मीरा खड्काको एकल इजलासमा १६ थान र न्यायाधीश कुमार चुडालको एकल इजलासमा १५ थान मुद्दामा गोला प्रक्रियाबाट पेसी तोकिएको छ । ११ इजलासमा २१७ मुद्दा सुनुवाइका लागि पेसी तोकिएको छ ।

# ‘अत्यावश्यक कामबाहेक विदेश भ्रमण नगर्नू’

**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अत्यावश्यक कामबाहेक विदेश भ्रमण नगर्न अपिल गरेको छ । कोभिड-१९ को ओमिक्रोन भेरियन्टको सङ्क्रमणलाई दृष्टिगत गर्दै अत्यावश्यक कामबाहेक विदेश भ्रमण नगर्न तथा सावधानी अपनाउन मन्त्रालयले अपिल गरेको हो ।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले नेपालमा संक्रमण फैलिन नदिन अत्यावश्यक कामबाहेक विदेश भ्रमण नगर्न आग्रह गरिएको बताए । उनका अनुसार हालसम्म उक्त भेरियन्ट नेपालमा फेला परेको छैन । उनले ओमिक्रोन भेरियन्टको आवश्यक निगरानी तथा परीक्षणको दायरालाई फराकिलो पारिएको बताए ।

‘नयाँ देखिएको यो भेरियन्टलाई समयमै सावधानी अपनाई नेपालमा प्रवेश हुन नदिन र जनजीवनलाई सामान्य राख्न मन्त्रालय तथा सबै निकाय तीव्र रूपमा एक भएर काम गरिरहेको अवस्था छ,’ उनले विज्ञप्ति जारी गर्दै भनेका छन् ।

उनका अनुसार उक्त भेरियन्टले बढी संक्रामक तथा सबै उमेर समूहका व्यक्तिमा असर पार्ने देखिएको छ । ओमिक्रोन संक्रमण रोक्न सबै सचेत र जिम्मेवार बनी जनस्वास्थ्यका मापदण्डको पालना गर्न/गराउनसमेत मन्त्रालयले अनुरोध गरेको छ । केही दिनअघि मात्र अफ्रिकी मुलुकमा पहिचान गरिएको ओमिक्रोन भेरियन्ट साउथ अफ्रिका तथा एसियाका केही मुलुकमा अहिले तीव्र विस्तार भइरहेको अवस्था छ । विश्व स्वास्थ्य सङ्गठनले यो नयाँ भेरियन्टलाई विश्वव्यापी भेरियन्ट अफ कन्सर्न भनी घोषणा गरेको छ ।

मन्त्रालयले कोभिड-१९ विरुद्धको खोपले कोभिड-१९ बाट बचाउन मद्दत गर्ने भएकाले आफूलाई पायक पर्ने ठाउँमा गई खोप लगाउन पनि अनुरोध गरेको छ ।

# ओमिक्रोन भेरियन्टका कारणले वैदेशिक रोजगार क्षेत्र पनि दबाबमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ मंसिर

कोरोना भाइसर (कोभिड-१९) को कारणले करिब दुई वर्ष थला परेका वैदेशिक रोजगार व्यवसायी कोरोनाविरूद्धका खोप आएपछि केही उत्साहित भएपनि कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमण बढेपछि पुनः तनावमा देखिन थालेका छन् ।

ओमिक्रोनको भेरियन्टबाट आफ्ना नागरिकलाई बचाउन उच्च सुरक्षा सतर्कता अवलम्बन गरे पनि नेपाली कामदार जाने प्रमुख देशहरूमा बुधबारसम्म यात्रामा कुनै अवरोध देखिएको छैन । तर, उक्त भेरियन्टका कारणले परिस्थिति क्षण क्षणमा परिवर्तन भईरहेको छ । एक व्यवसायी भन्छन्, ‘श्रम स्वीकृति भएका कामदार सकेसम्म छिटो उडाउने प्रयास गरिरहेका छौं ।’

साउदी अरबको स्वास्थ्य मन्त्रालयले बुधबार उत्तर अफ्रिकी देशबाट आएका एक साउदी नागरिकमा कोभिड-१९को ओमिक्रोन भेरियन्ट भेटिएपछि संक्रमित नागरिक र उनीसँग नजिकको सम्पर्कमा रहेकाहरूलाई सम्बन्धित स्वास्थ्य प्रक्रियाहरू अवलम्बन गरी अलग्गै राखिएको बताएको छ । साउदी अरेबियाले दक्षिण अफ्रिका, नामिबिया, बोत्सवाना, जिम्बाब्वे, मोजाम्बिक, लेसोथो र इस्वाटिनी जाने र आउने उडानहरू स्थगित गरेको बताएको छ ।

साउदी अरबको स्वास्थ्य मन्त्रालयले कोभिडविरुद्धको खोपलाई निरन्तरता दिँदै सावधानीका तथा रोकथामका उपायहरू र स्वीकृत गरिएका स्वास्थ्य मापदण्डहरु कडाइसाथ पालना गर्न सबैलाई बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# श्रममन्त्री र विश्व बैंकका निर्देशकबीच भेटवार्ता



**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठसँग विश्व बैंकका राष्ट्रिय निर्देशक फारिस हदाद जर्भोससहितको प्रतिनिधिमण्डलले शिष्टाचार भेट गरेका छन् । मन्त्रालयमा बुधबार भएको भेटमा विश्व बैंकको लगानीमा रहेका परियोजनाको प्रभावकारीताको विषयमा छलफल बाँकी पृष्ठ २ मा

## कर्मचारी आवश्यकता

यस प्रतिष्ठान मेनपावर कम्पनीलाई निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा अनुभवी व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।




1. Manager - 1 (Male/Female)
2. Accountant - 1 (Male/Female)
3. PRO - 3 (Male/Female)
4. Documentation- 2 (Female)

तलब आपसी समझदारीमा

सम्बन्धित काममा दक्ष तथा कम्तीमा २ वर्षको अनुभव हुनुपर्ने छ ।

**Lulu International Pvt. Ltd.**
Samakhusi - 29, Town Planning, Kathmandu
Tel: 4351637 4387319 | Mob.: 9851083549 | Email: info@luluintl.com

## KUWAIT मा वैदेशिक रोजगारको अवसर

कम्पनी : PASTAMATRIX RESTAURANT MANAGEMENT CO.WLL शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/०७/१५ चलानी नं.: ६०१६६७३४ LT. No.: 249632 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 10 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ५१,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 10 | 0 | | 140 | ५५,४९४ | | | | | | | |
| 3. | Waitress | 0 | 8 | | 130 | ५१,५३० | | | | | | | |
| 4. | Kitchen Helper | 2 | 0 | | 110 | ४३,६०२ | | | | | | | |

अन्तर्वार्ता सम्बन्धित कार्यालयको प्रतिनिपधबाट काठमाडौंमा २०७८ मंसिर २३ गते (9 December 2021) मा हुनेछ ।

Waitress को हकमा सामान्य अंग्रेजी र कामको अनुभव हुनुपर्नेछ । ड्राइभरको हकमा कुवेत रिर्टन लाइट ड्राइभरले मात्रै सम्पर्क गर्नुहोला ।

यसै कम्पनीको लागि Barista, Su Chef, Pastry Chef र Female Cleaner को पनि माग भएकोले नि:शुल्क परामर्शको लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।

अन्तर्वार्ता मा आउँदा सम्बन्धित कामको अनुभव र बायोडाटा, पासपोर्ट अनि फोटो अनिवार्य गरिएको छ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SURKHET OVERSEAS PVT. LTD.**
Gov. Lic No. 1219/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel: 4473705, 4494457
Email: infosurkhetoverseas@gmail.com, info@surkhetoverseas.com
Mobile: 9851212203, 9851322884, 9851235143, 9808798478, 9841136727
9818441474, 9816015289, 9852679099

# मंसिर १७ देखि मतदाता नामावली संकलन

**काठमाडौं/मस–** निर्वाचन आयोगले यहि मंसिर १७ गतेदेखि आफू बसेको ठाउँबाट नै मतदाता नामावली दर्ता गर्न सकिने व्यवस्था गर्ने भएको छ ।

काठमाडौंमा बुधबार निर्वाचन पर्यवेक्षण समिति नेपालले आयोजना गरेको निर्वाचनसँग सम्बन्धित अन्तर क्रियामा निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेशकुमार थपलियाले आफू बसेको ठाउँबाट नै मतदाता नामावली दर्ता गर्न सकिने व्यवस्था मिलाइएको जानकारी गराए । मतदाता नामावली संकलन अभियानका लागि गाउँपालिका र नगरपालिकाको केन्द्रमा जनशक्ति पठाउने कार्य भइरहेको उनको भनाइ छ ।

उनका अनुसार अब आयोगले जो जहाँ छ त्यहीँबाट मतदाता नामावलीमा नाम दर्ता गराउन पाउने व्यवस्था मिलाएको छ । दर्ता आफू बसेको ठाउँबाट गरिए पनि त्यो रेकर्ड सम्बन्धित नगर, गाउँ, वडामा आयोगले पठाइदिनेछ ।

अब ७७ वटा जिल्ला निर्वाचन कार्यालय, ७७ वटा जिल्ला प्रशासन कार्यालय र सबै ईलाका प्रशासन कार्यालयबाट जुनसुकै समयमा पनि मतदाता नामावली दर्ता गर्न सकिने व्यवस्था गरिएको उनको भनाइ छ । प्रमुख आयुक्त थपलियाले आउँदो माघ १२ गते राष्ट्रियसभाको चुनाव गर्ने गरी आयोगको तयारी गरिरहेको बताए । उपनिर्वाचनका लागि अहिले २२ स्थान रिक्त रहेको र सरकारले मिति तोके उपनिर्वाचन गराउन आयोग तयार रहेको पनि उनले बताए ।

अब उम्मेदवारी घोषणा गर्दा उम्मेदवारको सम्पत्ति विवरण लिने कानून पनि आयोगले बनाएको आयुक्त थपलियाको भनाइ छ ।



# एनआरएनए यूकेको सदस्यमा ढकाल मनोनित

**काठमाडौं/मस–** गैरआवासीय नेपाली संघ (एनआरएनए) यूकेको नवनिर्वाचित कार्यसमितिले क्षमता ढकालसहित ५ जनालाई कार्य समितिमा मनोनित गरेको छ। संघको विघान अनुसार कार्य समितीले ५ जनालाई कार्यसमितिमा मनोनित गरेको हो ।

गत अक्टोबरमा भरतमणी चोङवाङ लिम्बुलाई प्रवक्तामा मनोनित गरेको थियो भने आवेश राई र श्याम लुईटेललाई सदस्यमा मनोनित गरेको थियो ।

नेपाली चलचित्र निर्माता क्षमता ढकाल गैरआवासीय नेपाली संघ (एनआरएनए) यूकेको कार्यसमितिमा मनोनित भएकी छन् । एनआरएनए (यूके)को नवनिर्वाचित कार्यसमितिले संघको विद्यान अनुसार ढकालसहित ५ जना कार्य समितिमा मनोनित गरेको हो । कार्य समितिले गत अक्टोबरमा भरतमणी चोङवाङ लिम्बुलाई प्रवक्तामा मनोनित गरेको थियो भने आवेश राई र श्याम लुईंटेललाई सदस्यमा मनोनित गरेको थियो। यसैगरी यहि नोभेम्बर २० मा बसेको कार्य समितिको पूर्ण बैठकले थप तीन जनालाई कार्य समितिको सदस्यमा मनोनित गरेको छ । योसँगै कार्य समितिले पूर्णता पाएको छ ।

कार्य समितीको बैठकले तमुधिं युकेका अध्यक्ष तथा बरिष्ठ समाजसेवी हितकाजी गुरुङ, क्षमता ढकाल तथा ग्याञ्जु शेर्पालाई मनोनित गरेको छ ।

नेपाली समाजमा पुर्‍याएको योगदान तथा एनआरएनए अभियानमा निरन्तर संलग्नताको उच्च मुल्याकंन गर्दै उनीहरुलाई मनोनित गरिएको हो ।

यस अगाडि प्रवक्तामा मनोनित भरतमणी चोङवाङ लिम्बु बेलायतमा एक सफल व्यवसायी तथा पूर्व गोर्खा हुन् । त्यसैगरी अर्का सदस्य आवेश राई सूचना प्रविधि विज्ञ तथा चार्टर एकाउन्टेन्ट समेत हुन् भने लुईंटेल पत्रकारिता क्षेत्रमा क्रियाशिल छिन् ।

गत अगष्टमा नयाँ कार्य समिति निर्वाचित भएर आएपछि समितिले कार्य समितिमा मनोनित गर्ने कार्यका अलावा १८ ओटा विभागहरु तथा टास्कफोर्सहरु गठन गरी कार्यक्षेत्रमा परिचालित भएको गैरआवासीय नेपाली संघ यूकेका अध्यक्ष प्रेम गाहा मगरले जानकारी गराएका छन् ।



**को हुन् ढकाल ?**

नेपाली चलचित्र निर्माता लक्ष्मीप्रसाद ढकाल र माता सुस्मा ढकालकी जेठी सुपुत्री क्षमता ढकाल ललितपुरको धोबिघाट निवासी हुन् । उनी हाल लण्डनमा बस्दै आएकी छन् । उनले नेपाली चलचित्रहरुमा पनि लगानी गर्दै आएकी छिन् । उनले लगानी गरेको चलचित्रहरु नयाँ नेपाल, राहधानी र खोज आदी हुन् । उनी सामाजिक कार्यहरुमा पनि सक्रिय हुँदै आएकी छिन् ।

उनले सामाजिक क्षेत्रमा संक्रिय भूमिका निर्वाह गरेबापत विभिन्न संघसंस्थाले उनलाई सम्मानित गरेका छन् । जस्तै गतव्य नेपालबाट र जेष्ठ नागरिक आश्रमबाट सम्मानित भएकी हुन् ।

विश्व हिन्हु महासंघको केन्द्रीय सदस्य, बेलायत जनसम्पर्क समितिको सदस्यजस्ता विभिन्न संघ-संस्थामा आबद्ध भएर आफ्नो महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएकी छिन् । हाल उनी बेलायतमा कानूनशास्त्रमा अध्ययन गर्दै छिन् ।

करिब एक दशकभन्दा बढी अगाडि बेलायत गएकी क्षमता ढकालको जीवनले सोचेभन्दा छुट्टै मोड लिन पुग्यो । नरसिङ होममा काम गरिरहेकी क्षेमता ट्यारोट कार्ड, वास्तु रेकी र स्टोनको विषयमा दुई वर्ष अध्ययन गर्न पुगिन् । नाम अनुसारको काम भने जस्तै उनको क्षमताले गर्दा अहिले मानिसहरुको भविष्यवाणी हेर्ने कार्यमा व्यस्त रहेकी छिन् । तिहार मनाउन आएकी क्षमता अहिले नेपालमानै छिन् ।

ज्योतिष विद्याभन्दा फरक तथा आधुनिक विज्ञानसँग सम्बन्धित ट्यारोट कार्डबाट मानिसको राशिमा के भैरहेको छ भन्ने अध्ययन गरिन्छ । ट्यारोट कार्डमा तासको आकारका विभिन्न रंगी बिरंगी ७८ वटा कार्डहरू हुने गर्दछन् । जसमध्ये प्रत्येक कार्डको ६ -७ वटा अर्थ लाग्ने गर्दछ । जसको माध्यमबाट भविष्यवाणी हेर्नका लागि करिब १ घण्टाको समय लाग्ने बताइन् ।

**थापा...**

गरेका माधवकुमार नेपालले पनि राप्रपाले राष्ट्रियतको सवालमा उठाएको झण्डालाई झुक्न नदिन आग्रह गरे । उनले इतिहास पछाडि नजाने भन्दै अग्रगमनको बाटोबाट अघि बढन राप्रपाको नेतृत्वलाई सचेतसमेत गराए ।

शुभकामना दिन पुगेका नेकपा मालेका महासचिव सीपी मैनालीले राष्ट्रियताको सवालमा सबै दल एक जुट हुनुपर्ने भन्दै राजा महेन्द्रको खुलेर प्रशंसा गरे ।

राप्रपाको महाधिवेशनको शुभकामना दिन लोकतान्त्रिक समाजवादी पार्टीका अनिल झा लगायतका नेताहरु पनि पुगेका थिए ।

**प्रतिस्पर्धी....**

यद्यपि, तिनीहरू प्रतिनिधिको भोटबाट नभइ अध्यक्षबाट मनोनित हुन्छन् । विधानअनुसार ७ जना सहमहामन्त्री र ७ जना सहायक महामन्त्री मनोनीत हुनेछन् । राप्रपाको १९९ सदस्यीय केन्द्रीय समिति रहने छ । जसमध्ये १४९ जना महाधिवेशनबाट निर्वाचित भएर आउनेछन् भने बाँकी मनोनीत हुने व्यवस्था छ ।

**ओमिक्रोन...**

अनुरोध गरेको छ । नेपालमा ओमिक्रोन हालसम्म नदेखिए पनि सबैलाई सचेत रहन र स्वास्थ्य मापदण्ड पालन गर्न अनुरोध गर्दै अफ्रिकी देशहरूबाट आउने उडानका यात्रुहरूलाई १० दिन क्वारेन्टाइन बस्न भनिएको छ ।

सानो संख्यामा भएपनि नेपाली कामदार जाने जापानले नयाँ भेरियन्टका कारणले मंगलबारदेखि विदेशीहरूलाई आफ्नो देश प्रवेशमा रोक लगाएको बताएको छ । अष्ट्रेलियाले न्यूजील्याण्ड र सिंगापुरबाहेक सबै देशका नागरिकहरूका लागि डिसेम्बर १५ सम्म सिमाना बन्द गरेको छ। साथै अष्ट्रेलियन नागरिक र अष्ट्रेलियन पिआर भएकाहरूका लागि ७२ घण्टाभित्रको पिसीआर रिपोर्ट र घर वा होटलमा आइसोलेसनमा बस्नका लागि नयाँ नियम बनाएको छ ।

पहिलो चरणमा केयर गिभर जाने तयारीमा रहेको इजरायलमा सबै विदेशी नागरिकहरूका लागि इजरायलमा प्रवेश निषेध गरेको छ। दक्षिण अफ्रिका र अन्य ६ अफ्रिकी देशहरूलाई रेड लिष्टमा राख्दै तीदेशबाट स्वदेश फर्कने इजरायलीहरूले १४ दिनको क्वारेन्टाइन बस्नुपर्ने छ। कोरोनाविरूद्धका खोप आएपछि नेपालबाट वैदेशिक रोजगारीमा जानेक्रममा तीव्रता आएको थियो । गत कात्तिकमा ५४ हजार ९ सय १८ जना वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका थिए ।

**श्रममन्त्री....**

भएको मन्त्री श्रेष्ठको सचिवालयले जनाएको छ । भेटका अवसरमा मन्त्री श्रेष्ठले नेपालको विकासमा विश्व बैंकले पुर्‍याउँदै आएको योगदानको लागि धन्यवाद दिँदै आगामी दिनमा लगानी थप प्राप्त हुने विश्वास गरिएको बताएका थिए ।

मन्त्री श्रेष्ठले विश्व बैंकले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका विभिन्न योजनाहरुमा पुर्‍याउँदै आइरहेको सहयोग महत्वपूर्ण रहेको बताउँदै प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सरोकारवलाहरुसँग बृहत छलफल गरी प्रभावकारी बनाइने जानकारी दिए। प्रधानमन्त्री रोजगार कार्यक्रमलाई विश्व बैंकबाट सहयोग प्राप्त छ । उक्त सहयोगले ठूलो योगदान दिइरहेको भन्दै मन्त्री श्रेष्ठले यसलाई प्रभावकारी बनाउन दीगो रोजगारीसँग जोडने, बेरोजगार, विपन्न तथा लक्षित वर्गका लागि उपयोगी किसिमका पूर्वाधार विकास गर्ने तथा बजारको माग अनुसार रोजगारी आपुर्ति गर्नेतर्फ काम अगाडि बढाउनुपर्ने बताएका छन् । श्रम रोजगारी तथा सीप तालिमलाई एकीकृत रुपमा संचालन गर्न स्थानीय तहमार्फत नमूना सेवा केन्द्रको संचालन गर्ने र सबै स्थानीय तहमा विस्तार गर्ने आफ्नो योजना रहेको बताउँदै मन्त्री श्रेष्ठले मन्त्रालयले राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणालीको अवधारणा अघि सारेकोले त्यसमा विश्व बैंकबाट प्राविधिक सहायता प्राप्त हुने विश्वास व्यक्त गरेको पनि सचिवालयले जानकारी दिएको छ ।

बेरोजगार, गरीब र जोखिमपुर्ण अवस्थामा रहेका समुदायको उत्थानको लागि हाल संचालनमा रहेका विभिन्न सामाजिक सुरक्षा वा संरक्षण सम्बन्धि क्रियाकलापहरु एकीकृत रुपमा संचालन गर्ने योजना रहेको भन्दै मन्त्री श्रेष्ठले विभिन्न निकायबाट हुँदै आएका सबैखाले सीप तालिमहरुलाई एकत्रित रुपमा संचालन गर्ने तयारी गरिएकोले त्यसमा पनि विश्व बैंकसँग सहयोगको अपेक्षा गरिएको बताए । निर्देशक जर्भोसले नेपालमा थप रोजगारमुलक कार्यक्रम, यस सम्बन्धि आवश्यक नीति, क्षमता विकास तथा सेवा प्रवाहमा सुधार हुने गरी प्राविधिक सहायता परिचालन गर्न विश्व बैंक तयार रहेको जानकारी दिएको मन्त्री श्रेष्ठको सचिवालयले जनाएको छ ।

## मुख्यमन्त्री पोखरेल र आइओएम मिसन प्रमुखबीच भेट

**मध्यान्ह संवाददाता**
पोखरा, १५ मंसिर

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल र संयुक्त राष्ट्रसंघको अन्तर्राष्ट्रिय आप्रवासी संगठन (आइओएम) का नेपालस्थित मिसन प्रमुख लोरेना ल्यान्डोबीच मुख्यमन्त्री कार्यालयमा औपचारिक भेट भएको छ ।

उक्त अवसरमा मुख्यमन्त्री पोखरेलले विपदका कारण मुलुकभित्र बसाइँसराइँको समस्या बढेको बताए । जलवायु परिवर्तनकै कारण अहिले मनाङ र मुस्ताङमा वर्षा हुन थालेको र त्यसले ठूलो क्षति पुर्‍याएका कारण धेरै बस्तीहरु खतरामा रहेको उनले उल्लेख गरे । घरेलु हिंसाका कारण पनि कतिपय अवस्थामा घर छाडेर हिंड्नु पर्ने वाध्यता र बेरोजगारी समस्याका कारण लाखौं युवाहरु विदेशमा रहेको उनको भनाइ थियो । यी यावत समस्या कम गर्न आइओएमले गण्डकी प्रदेशमा पनि धेरै काम गर्दै आएको भन्दै मुख्यमन्त्री पोखरेलले आगामी दिनमा समेत निरन्तरता पाउने विश्वास व्यक्त गरे । यो प्रदेश विपद्का दृष्टिबाट जोखिममा रहेको विभिन्न अध्ययनहरुले देखाएको र सरकारले विपद न्यूनीकरण र विपद् व्यवस्थापनमा काम गर्दै आएको जानकारी उनले गराए । विपदमा परेकोको उद्धार तथा सहयोग र पुनस्थापना लगायतका काम समेत हुँदै आएको उनको भनाइ थियो ।

तर विपद् आउन नदिने, विपद्को जोखिममा रहको क्षेत्रका वासिन्दालाई अन्यत्र सार्ने वा त्यसको उचित व्यवस्थापन गर्ने, विपद्ले ल्याएको क्षतिको लेखाजोखा गर्ने, विपद् पश्चात पुनस्थापना गर्ने कार्यलाई थप प्रभावकारी बनाउनु आवश्यक रहेको मुख्यमन्त्री पोखरेलले बताए । उनले भने, 'विपद्को पूर्व सूचना प्रणाली स्थापना गर्ने,विपद् व्यवस्थापनको लागि बृहत योजना बनाउन



सहकार्य गर्न जरुरी छ, यस क्षेत्रमा प्रविधिको प्रयोग बढाउनुपर्नेछ ।'

साथै यस प्रदेशबाट विभिन्न मुलुकमा गएका हाम्रा नागरिकलाई कुनै अप्ठ्यारा परेमा तिनको उद्धार लगायतका कार्यमा सहयो गर्न र पर्यटक वा विभिन्न उद्देश्यका साथ यस प्रदेशमा आएका विदेशी नागरिकलाई कुनै अप्ठ्यारो परेमा स्वदेश फर्काउनसमेत आइओएमको सहयोग सहयोग रहने नै छ भन्ने विश्वास मुख्यमन्त्रीले व्यक्त गरे ।

उनले भने, 'यस प्रदेशको अन्तर्राष्ट्रिय श्रम आप्रवासनको विवरण अध्यावधिक गर्ने, विप्रेषण परिचालनको योजना तथा कार्यक्रम बनाउने यस संस्थाको विज्ञता प्रयोग होस् भन्ने चाहन्छु ।'

उक्त अवसरमा मिसन प्रमुख लोरेना ल्यान्डोले विश्वव्यापी रुपमा आप्रवासीहरुको क्षेत्रमा काम गरेको आइओएमले नेपालको विपद व्यवस्थापन, राहत तथा उद्धारका क्षेत्रमा समेत सहयोग गर्दै आएको बताइन् । विपद व्यवस्थापनमा चुनौती के छन् र कसोगरी अगाडि बढ्न सकिन्छ भन्ने बारेमा ३ तहकै सरकारसँग मिलेर काम भइरहेको र आगमी दिनमा समेत यसले निरन्तरण पाउने उनले भनाइ राखिन् ।

बेरोजगारीका कारण हाल नेपालबाट ३५ लाख युवा मुलुक बाहिर रहनु भनेको ठूलो चुनौती हो भन्दै मिसन प्रमुख लोरेनाले समस्यामा परेकाहरुलाई फर्काउने र बाहिर सिकेको सीप स्वदेशमा प्रयोग गरी उद्यमशीलता बढाउन पनि आइओएमले सहयोग जारी राख्ने प्रतिबद्धता जनाइन् ।

कार्यक्रममा प्रदेशका प्रमुख सचिव रविलाल पन्थले प्रदेशले विपद व्यवस्थापन नियमावली जारी गरी त्यसै अनुसार समिति र परिषद् बनाएर प्रदेशमा काम हुँदै आएको जानकारी गराए । विपद व्यवस्थापनमा प्रदेश सरकारले खासगरी सुरक्षा निकायसँगै समन्वय गर्दै आएको उनले बताए । सुरक्षाकर्मीलाई तालिम र उद्धार सामग्रीको आवश्यकता रहेकाले आइओएमबाट उनले सहयोगको अपेक्षा गरे ।


निर्वाचन आयोग नेपाल
जिल्ला निर्वाचन कार्यालय
बबरमहल, काठमाडौं

मतदाता नामावली संकलन विशेष कार्यक्रम, २०७८

जिल्ला निर्वाचन कार्यालय काठमाडौं, जिल्ला प्रशासन कार्यालय काठमाडौं र ईलाका प्रशासन कार्यालय साँखुमा मतदाता नामावली संकलन कार्य निरन्तर भइरहेको छ । यही मंसिर १७ गतेदेखि पौष २ गतेसम्म दक्षिणकाली, कीर्तिपुर, चन्द्रागिरी, नागार्जुन र तारकेश्वर न.पा. मा तथा पौष ४ गतेदेखि १८ गतेसम्म टोखा, बुढानिलकण्ठ, गोकर्णेश्वर र कागेश्वरी मनोहरा न.पा. को कार्यालयमा मतदाता नामावली संकलन विशेष कार्यक्रम सञ्चालन हुँदैछ । यहि मंसिर १७ गतेदेखि जिल्ला निर्वाचन कार्यालय काठमाडौंमा बाह्य जिल्ला ठेगाना रहेकाहरुको समेत मतदाता नामावली संकलन गरिनेछ । मतदाता नामावलीमा नाम समावेश गर्न छुट हुनुभएका महानुभावहरुलाई मतदाता नामावलीमा आफ्नो नाम समावेश गराउनुहुन जिल्ला निर्वाचन कार्यालय काठमाडौं हार्दिक अनुरोध गर्दछ ।



नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०८/१६

साई अल्फा बीटा हेल्थ केयर प्रा.लि.को मिति २०७६/०५/३० गते बसेको विशेष साधारण सभाको विशेष प्रस्ताव द्वारा पारित बैठकको निर्णय बमोजिम साबिक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने ब्यहोर्ने शर्तमा साबिक नाम परिवर्तन गरी बीटा इन्टरनेशनल प्रा.लि. कायम गर्ने गरी मिति २०७७/०६/२१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



अभिकर्ता आधारभूत तालिम सम्बन्धी सूचना

जीवन बीमा कम्पनीको अभिकर्ता भई राष्ट्रको सामाजिक तथा आर्थिक रुपान्तरणमा अभियन्ताको रुपमा कार्य गर्न इच्छुक व्यक्तिहरुका लागि यस कम्पनीले आफ्नो केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय, शाखा कार्यालय तथा उपशाखा कार्यालयहरुबाट जीवन बीमा अभिकर्ता आधारभूत तालिम संचालन गर्ने व्यवस्था गरिएको जानकारी गराउँदछौं । यस कम्पनीद्वारा आ.व. २०७८/७९ मा संचालन हुने जीवन बीमा अभिकर्ता आधारभूत तालिमको विस्तृत विवरण कम्पनीको वेभसाइट www.guranslife.com मा राखिएको छ । अतः जीवन बीमा अभिकर्ता भई कार्य गर्न ईच्छुक न्यूनतम् एस.एल.सी. उत्तीर्ण महानुभावहरुले आफूलाई पायक पर्ने कम्पनीको केन्द्रीय/क्षेत्रीय/शाखा/उपशाखा कार्यालयहरुमा सम्पर्क गरी, तालिममा सहभागी भई दक्ष अभिकर्ताको रुपमा आफ्नो व्यक्तित्व विकास गर्ने मौकाको सदुपयोग गर्नु हुन हार्दिक अनुरोध गरिन्छ ।

गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लि.
Gurans Life Insurance Co. Ltd.
श्री राज भवन, तीनकुने, काठमाडौं
फोन: ४१११३१०, फ्याक्स: ४११२०६१, टोल फ्रि नं.: १६६०-०१-६६६००
इमेल: info@guranslife.com, वेब: www.guranslife.com



कतारमा रोजगारको अवसर | कम्पनी : MAZAD TRADING & CONTRACTING
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०३/२४ | चलानी नं.: ६०१५९८६२ | L.T. No.: 242158 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 10 | 0 | स. काममा दक्ष | 1000 | ३२,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २३ गते (9 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम ईजाजत नं. १०१३/०६८/६९
ईभ नेपाल ओभरसिज प्रा.लि.
शान्तिनगर, काठमाडौं, फोन नं. ४१०७५२०, ४६२२४२६, फ्याक्सः: ४६२२४३६



कुवेत र साउदीमा रोजगारको अवसर | १. कम्पनी : MADERA FACTORY
शहर : Kuwait

पूर्व स्वीकृत मितिः २०७८/०८/१५ | चलानी नं.: ६०१६९३४६ | L.T. No.: 251348

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 15 | 0 | सम्बन्धित काममा दक्ष | 160 | ६३,४२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Painter | 2 | 0 | | 160 | ६३,४२२ | | | | | | | |
| 3. | Interior Designer | 2 | 0 | | 220 | ८७,२०५ | | | | | | | |

२. कम्पनी : MOHAMMED ABDUL KARIM AL-SALEH FARM | शहर : Riyadh

पूर्व स्वीकृत मितिः २०७८/०८/१५ | चलानी नं.: ६०१६९३४७ | L.T. No.: 252279

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : JAWAD AL-ABED AL-MOSHEN'S OFFICIAL FARM | शहर : Riyadh

पूर्व स्वीकृत मितिः २०७८/०८/१५ | चलानी नं.: ६०१६९३४८ | L.T. No.: 252278

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २३ गते (9 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ४३१/०६०/०६१
Professional Manpower Services Pvt. Ltd.
Tokha -10, Dhapasi, Near By Horizon Apartment Gate No. 02 | Gpo Box No: 8356, Kathmandu, Nepal
Contact No.: 01- 4387247, 01-4388247 | Email: info@pms.com.np

# ‘अत्यावश्यक कामबाहेक विदेश भ्रमण नगर्नू’



**काठमाडौं/मस-**स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अत्यावश्यक कामबाहेक विदेश भ्रमण नगर्न अपिल गरेको छ। कोभिड-१९ को ओमिक्रोन भेरियन्टको संक्रमणलाई दृष्टिगत गर्दै अत्यावश्यक कामबाहेक विदेश भ्रमण नगर्न तथा सावधानी अपनाउन मन्त्रालयले अपिल गरेको हो ।

मन्त्रालयका सहप्रवक्ता डा.समीरकुमार अधिकारीले नेपालमा संक्रमण फैलिन नदिन अत्यावश्यक कामबाहेक विदेश भ्रमण नगर्न आग्रह गरिएको बताए । उनका अनुसार हालसम्म उक्त भेरियन्ट नेपालमा फेला परेको छैन ।

उनले ओमिक्रोन भेरियन्टको आवश्यक निगरानी तथा परीक्षणको दायरालाई फराकिलो पारिएको बताए । बुधबार विज्ञप्तिमार्फत उनले भने, ‘नयाँ देखिएको यो भेरियन्टलाई समयमै सावधानी अपनाई नेपालमा प्रवेश हुन नदिन र जनजीवनलाई सामान्य राख्न मन्त्रालय तथा सबै निकाय तीव्र रूपमा एक भएर काम गरिरहेको अवस्था छ ।’

उनका अनुसार उक्त भेरियन्टले बढी संक्रामक तथा सबै उमेर समूहका व्यक्तिमा असर पार्ने देखिएको छ । ओमिक्रोन संक्रमण रोक्न सबै सचेत र जिम्मेवार बनी जनस्वास्थ्यका मापदण्डको पालना गर्न/गराउनसमेत मन्त्रालयले अनुरोध गरेको छ ।

केही दिनअघि मात्र अफ्रिकी मुलुकमा पहिचान गरिएको ओमिक्रोन भेरियन्ट साउथ अफ्रिका तथा एसियाका केही मुलुकमा अहिले तीव्र विस्तार भइरहेको अवस्था छ । विश्व स्वास्थ्य संगठनले यो नयाँ भेरियन्टलाई विश्वव्यापी भेरियन्ट अफ कन्सर्न भनी घोषणा गरेको छ । मन्त्रालयले कोभिड-१९ विरुद्धको खोपले कोभिड-१९ बाट बचाउन मद्दत गर्ने भएकाले आफूलाई पायक पर्ने ठाउँमा गई खोप लगाउन पनि अनुरोध गरेको छ ।

**थप ३ सय १६ जनामा कोरोना**

नेपालमा थप ३ सय १६ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गरेको नियमित पत्रकार सम्मेलनमा प्रवक्ता डा.कृष्णप्रसाद पौडेलले बुधबार १२ हजार ७२७ मा कोरोना परीक्षण गर्दा ३१६ जनामा संक्रमण पुष्टि भएको बताए । उनका अनुसार सक्रिय संक्रमित छ हजार ९५४ पुगेको छ । पछिल्लो समय थप २५९ जना सङक्रमणमुक्त भएको पौडेलले बताए । योसँगै आठ लाख तीन हजार १६८ जना संक्रमणमुक्त भएका छन् । पाँच सयभन्दा बढी संक्रमण भएका जिल्ला काठमाडौं र ललितपुर रहेका छन् । दुई सयभन्दा बढी संक्रमित भएका जिल्लामा सुनसरी, धनुषा, भक्तपुर, कास्की, पूर्वनवलपरासी, बाँके र कैलाली रहेका छन् ।

यस्तै शून्य संक्रमित भएका जिल्ला मनाङ, हुम्ला, सल्यान जाजरकोट र मुगु रहेका छन् । नेपालमा संक्रमण दर १७.७ प्रतिशत रहेको छ । उनका अनुसार हाल होमआइसोलेशनमा छ हजार ६१०, संस्थागत आइसोलेसनमा ३४४, आइसियुमा १२० र भेन्टिलेटरमा ३७ जनाको उपचार हुँदैछ ।

मन्त्रालयका प्रवक्ता डा.पौडेलले पछिल्लो २४ घण्टामा कोरोनाबाट बुधबार थप तीन जनाको मृत्यु भएको जानकारी दिए । योसँगै कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ५२९ पुगेको छ ।

त्यसैगरी पछिल्लो समय दुई लाख २७ हजार ५८४ ले कोरोना भाइरसविरुद्धको खोप लगाएको उनले बताए । हालसम्म पहिलो मात्रा एक करोड ३० लाख ४०८ ले र पूर्ण मात्रा ८५ लाख १४ हजार ६८४ जनाले खोप लगाएका छन् ।

# कांग्रेसका कार्यकर्ताहरुद्वारा पत्रकारमाथि हातपात

**सोलुखुम्बु/मस-**सोलुखुम्बुको सल्लेरीमा रिपोटिङका लागि खटिएका सञ्चारकर्मी माथि मादक पदार्थ सेवन गरेका नेपाली कांग्रेसका कार्यकर्ताहरुले हातपात गरेका छन् । नेपाली कांग्रेस जिल्ला कार्यसमिति सोलुखुम्बुको सभापतिका लागि भएको निर्वाचन अन्तर्गत मतगणनाको स्थलगत रिपोटिङमा खटिएका मध्यान्ह राष्ट्रिय दैनिकका जिल्ला संवाददाता रमन वन र सञ्चारकर्मी सुबास दर्नालमाथी मंगलबार राति हातपात भएको हो ।



हातपात गर्नेहरुमा नेविसंघका जिल्ला उपाध्यक्ष जिवन बस्नेत, तरुणदल सचिव शेखर बस्नेत, क्षेत्रीय प्रतिनिधि प्रदिप बस्नेत, नेविसंघ दुधकोशीका अध्यक्ष विभुषण राई लगायतका व्यक्तिहरुले हातपात गरेका हुन् । उनीहरुले मादक पर्दाथ सेवन गरी मतगणना स्थल बाहिर स्थलगत रिपोटिङमा रहेका सञ्चारकर्मीहरुमाथि आफ्नो अन्तर्वार्ता लिन धम्की दिँदै आक्रमण गरेका हुन् । आक्रमणबाट रिपोटिङमा प्रयोग भएको माईक, रेकर्डर लगाएतका सामग्रीहरुमा क्षति पुगेको छ । सुरक्षामा खटिएका सुरक्षाकर्मी भने मुकदर्शक बनेका थिए । मतदान स्थलमा सुरक्षार्थ खटिएका प्रहरीहरु स्थलगत रिपोटिङमा खटिएका सञ्चारकर्मीहरुमाथि आक्रमण भइरहँदा हेरेर बसेका थिए ।

# चिकित्साशास्त्र अध्ययन गर्न विद्यार्थीलाई छात्रवृत्ति

**सुदूरपश्चिम/मस-** सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालयले एमविबीएस प्रथम वर्षमा अध्ययनरत प्रदेशभित्रका दलित, आदिवासी जनजाति, सीमान्तकृत, लोपोन्मुख समुदाय तथा पिछडिएको क्षेत्र र जेहन्दार विद्यार्थीलाई चिकित्सा शिक्षा अध्ययन गर्न छात्रवृत्ति प्रदान गर्ने भएको छ ।

आर्थिक वर्ष २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रमअनुसार चिकित्सा शिक्षा आयोगबाट सञ्चालित एमबिबीएस प्रवेश परीक्षा उत्तीर्ण गरी स्वदेशभित्रका विश्वविद्यालय वा चिकित्साशास्त्र अध्ययन प्रतिष्ठानमा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति दिइने भएको हो । मन्त्रालयका शाखा अधिकृत जयदेव महराका अनुसार प्रतिविद्यार्थी १० लाख रुपैयाँका दरले नौ जनालाई छात्रवृत्ति उपलब्ध गराइने छ ।

छात्रवृत्तिका लागि आगामी पुस १२ गतेसम्म आवेदन दिनका लागि समयसीमा निर्धारण गरिएको छ । छात्रवृत्तिका लागि आवेदन दिने विद्यार्थीले एकीकृत छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७६ (पहिलो संसोधन)को अनुसूची ४ को ढाँचामा निवेदन र अनुसूची १० बमोजिम कबुलियतनामा दिनुपर्ने छ ।

छात्रवृत्तिका लागि नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, हालको स्थायी बसोबास भएको स्थानीय तहबाट स्थायी बसोबास रहेको व्यहोरा खुल्ने सिफारिसपत्र, विद्यार्थीले कक्षा ८, १० र १२ को अध्ययन पूरा गरेको ग्रेडसिट र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, अध्ययन गरेको विद्यालय सामुदायिक वा संस्थागत (सार्वजनिक शैक्षिक गुठी, निजी शैक्षिक गुठी, निजी) भएको व्यहोरा खुल्ने गरी सम्बन्धित विद्यालय र सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइ वा सम्बन्धित स्थानीय तहको सिफारिसपत्र पेश गर्नुपर्ने छ । यससँगै हाल अध्ययनरत शैक्षिक संस्थामा चिकित्साशास्त्रको स्नातक तह प्रथम वर्षमा अध्ययनरत रहेको र अन्य कुनै पनि छात्रवृत्ति प्राप्त नगरेको व्यहोरा खुल्ने गरी अध्ययनरत क्याम्पसको सिफारिसपत्र, दलित आदिवासी, जनजाति, आदिवासी, पिछडिएको क्षेत्र र वर्ग, लोपोन्मुख वर्ग, सीमान्तकृत समुदायको क्लष्टरभित्र परेको स्पष्ट खुल्ने सम्बन्धित आधिकारिक संस्था, निकायको सिफारिसपत्र पेश गर्नुपर्ने छ ।

## दोलखामा एकै परिवारका ३ जना मृत फेला

**धनराज तामाङ/मध्यान्ह**
दोलखा, १५ मंसिर

दोलखामा एकै परिवारका ३ जना मृत फेला परेका छन् । जिल्लाको तामाकोशी गाउँपालिका-२ झुलेमा एकै परिवारका ३ जना सुतेकै अवस्थामा मृत भेटिएका हुन् । मृत अवस्थामा फेला पर्नेमा झुलेका २७ वर्षीय श्याम तामाङ, उनकी श्रीमती २६ वर्षीया अम्बिका तामाङ र उनका ५ वर्षीय नाबालक छोरी रहेकी छन् ।

जिल्ला प्रहरी कार्यालय दोलखाका अनुसार उनीहरु बुधबार बिहान मृत फेला परेका हुन् । स्थानीयले दिएको सूचनापछि छौंडे प्रहरी चौकीबाट प्रहरी टोली खटिएको थियो । पछि जिल्ला प्रहरी कार्यालय चरिकोटबाट समेत प्रहरी टोली घटनास्थल पुगेको थियो । जिल्ला प्रहरी कार्यालयका अनुसार मृतकमध्ये अम्बिका पाँच दिनकी सुत्केरी थिइन् । प्रारम्भिक अनुसन्धानमा उनीहरुको मृत्यु निस्सासिएर भएको पाइएको प्रहरीको भनाइ छ ।

# राष्ट्रपतिद्वारा ६ वटा अध्यादेश जारी

**काठमाडौं/मस-**राष्ट्रपति विद्यादेवी भण्डारीले ६ वटा अध्यादेश जारी गरेकी छन् । मन्त्रिपरिषद्को सिफारिसमा बुधबार ती अध्यादेशहरु जारी गरिएको राष्ट्रपति कार्यालयले विज्ञप्तिमार्फत् जानकारी दिएको छ ।



राष्ट्रपति भण्डारीले यौन हिंसाविरूद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, फौजदारी कसूर तथा फौजदारी कार्यविधिसम्बन्धी केही ऐनलाई संशोधन गर्ने अध्यादेश, नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरीवेक्षण र समन्वय) (पहिलो संशोधन) अध्यादेश, तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश र रेल्वे अध्यादेश, २०७८ जारी गरेकी हुन् । नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम ती अध्यादेशहरू जारी गरिएको राष्ट्रपति कार्यालयको विज्ञप्पतिमा उल्लेख छ ।

# मुस्ताङ प्रवेशमा कडाइ



**बलेवा/मस-** कोरोना भाइरसको नयाँ ‘भेरियन्ट ओमिक्रोन’ त्रासका कारण हिमालपारिको जिल्ला मुस्ताङ प्रवेशमा कडाइ थालिएको छ । कोरोना संक्रमणको अवस्था विस्तारै बढ्न थालेको भन्दै नयाँ भेरियन्ट भित्रिन नदिन प्रवेशमा कडाइ गरिएको हो ।

मुस्ताङ घुम्न जाने आन्तरिक तथा बाह्य पर्यटकको संख्या बढ्दै गइरहेकाले पुनःसंक्रमण बढ्ने तथा नयाँ भेरिएन्ट भित्रिन सक्ने जोखिमका कारण जिल्ला प्रवेशमा कडाइ गरिएको प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले बताए ।

उनका अनुसार बुधबार राति १२ बजेदेखि २९ गते राति १२ बजेसम्म लागू हुने गरी विशेषगरी पर्यटकका लागि सात दिनभित्रको पिसिआर नेगेटिभ रिपोर्ट वा खोप कार्ड वा पछिल्लो ७२ घण्टाभित्रको एन्टिजेन परीक्षण रिपोर्ट नभएका व्यक्तिलाई जिल्ला प्रवेशमा कडाइ गर्न लागिएको हो । यद्यपि मुस्ताङमा स्थायी बसोबास गर्दै आएका तथा पूर्ण खोप लगाएका कर्मचारी, शिक्षक र सुरक्षाकर्मीका लागि भने यो सर्त लागू नहुने जिल्ला कोभिड-१९ व्यवस्थापन समितिको बैठकले निर्णय गरेको छ ।

उनले भने, ‘मङ्सिर १५ गते राति १२ बजेदेखि २९ गते राति १२ बजेसम्म लागू हुने गरी मुस्ताङ प्रवेशमा विशेषगरी घुम्न आउनेका लागि कडाइ गर्न लागिएको छ । त्यसबाहेक जिल्लाभित्रका विभिन्न क्रियाकलापमा पनि कडाइ गर्दै आदेश जारी भएको छ । नेपाल भित्रिएका बाह्य पर्यटक तथा आन्तरिक पर्यटक एकपटक मुस्ताङ पुगेर आउने सोच राखेका हुन्छन् ।

अहिले विभिन्न देशमा नयाँ भेरियन्ट फैलिँदै गएका बेलामा पर्यटकका माध्यमबाट मुस्ताङसम्म पुग्न सक्ने जोखिमका कारण कडाइ गरिएको हो ।’ जिल्ला कोभिड-१९ व्यवस्थापन समितिको बैठकले सार्वजनिकस्थलमा मेला, जात्रा, महोत्सव, भोजभतेर, हाटबजारलगायतका भिडभाड हुने खालका कार्यक्रम नगर्न आदेश दिएको छ । यस्तै विवाह, व्रतबन्ध, मृत्यु संस्कारलगायतका अनिवार्य कार्य गर्नुपरेमा बढीमा २५ जनाभन्दा भेला हुन नपाउने भनिएको छ ।

# बस दुर्घटना दुई जनाको मृत्यु

**जुम्ला/मस-**जुम्लाको सिंजा गाउँपालिकामा बस दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । दुर्घटनामा दुई जना घाइते भएका छन् ।




कनकासुन्दरी गाउँपालिकाको गुठीज्यूलाबाट नेपालगञ्ज जाँदै गरेको ना६ख ४४३८ नंबरको बस सिंजा गाउँपालिका-२ जुम्ला घोडेङ्गा गाउँमा दुर्घटना भएको हो । बस सडकदेखि करिब २०० मिटर तल खसेको जुम्लाका प्रमुख जिल्ला अधिकारी विजयाकुमारी प्रसाईंले जानकारी दिए । प्रारम्भिक जानकारीअनुसार घटनास्थलमा नवीन रावल र विशाल बमको मृत्यु भएको बताइन् ।

बसमा चार जना मात्र सवार थिए । घाइतेको उद्धार गर्न प्रहरी निरीक्षक युवन चौधरी नेतृत्वको प्रहरी टोली त्यसतर्फ गएको छ । घाइतेलाई उपचारका लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान लैजान एम्बुलेन्स पठाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# मदन आश्रितको शालिकमा माल्यार्पण

**दासढुंगा/मस-**नेकपा एमालेका महासचिव शंकर पोखरेलले मदन आश्रितको शालिकमा माल्यार्पण गरेका छन् ।

दशौं महाधिवेशनबाट महासचिवमा निर्वाचित भएसँगै पोखरेलले बुधबार चितवनको दासढुंगामा रहेको मदन आश्रितको शालिकमा माल्यार्पण गरेका हुन् ।

जनताको बहुदलीय जनबाद (जबज) एमालेका तत्कालीन महासचिव मदन भण्डारी र संगठन विभाग प्रमुख जिवराज आश्रितको शालिकमा माल्यार्पण गर्दै महासचिव पोखरेलले मदन आश्रितका विचार र आदर्शलाई अनवरत अवलम्बन गर्ने दृढ संकल्प गरे । बदलियो राजनीतिक परिवेशमा जबजको सान्दर्भिकता बढेर गएको भन्दै महासचिव पोखरेलले जबजको मर्म अनुसार नै एमाले अगाडि बढ्ने बताए । दशौं महाधिवेशनस्थल सौराहाबाट दासढुंगा पुग्नुभएका पोखरेलले जनतालाई खुसी र सुखी बनाउन सके मात्र मदन-आश्रितप्रति सच्चा सम्मान हुने बताए । उक्त अवसरमा नेकपा एमालेका केन्द्रीय सदस्य सुजिता शाक्यलगायतले मदन आश्रितको शालिमा माल्यार्पण गरेका थिए । नेकपा (एमाले) का तत्कालीन महासचिव मदन भण्डारी र संगठन विभाग प्रमुख जीवराज आश्रितको २०५० साल जेठ ३ गते चितवनको दासढुंगामा मृत्यु भएको थियो । उनीहरु चढेको जीप त्रिशूली नदीमा खसेको थियो ।


## भैरबी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**भैरीकालिकाथुम, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

**प्राविधिक प्रस्ताव स्वीकृत/आर्थिक प्रस्ताव खोल्ने सुचना**

**(प्रथम पटक प्रकाशित मिति : २०७८/०८/१५)**

यस कार्यालयबाट मिति २०७८।०३।३१ गतेको सूचना अनुसार पर्न आएका प्रस्तावहरु मध्ये निम्न निर्माण व्यवसायिहरु प्राविधिक मुल्याकंनमा सफल भएकोले निम्न मिति, समय र स्थानमा आर्थिक प्रस्ताव खोलिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

| Description of Works | Contract ID | Name & Address of Successful Bidder | Opening Date, Time & Venue |
|---|---|---|---|
| Construction of 15 Bed Hospital Building | BRM/HBCW/NCB/18/077-78 | 1. C.M.-Chandi Devi JV Kathmandu<br>2. Khadka-JK JV Kohalpur Banke<br>3. Mountain Infra Limited Kathmandu<br>4. Galwa-KR JV Kathmandu<br>5. T.D.R.-Jugal-Kausik JV Kathmandu<br>6. Mahadev Khimti-Parajuli-GS Engineering JV<br>7. Millennum-Niriksha-R.B. JV Hetauda<br>8. World Wide-Mangaldeep JV Kathmandu<br>9. Sky-PS JV Naubasta 8 Banke<br>10. Dhulikhel-L.B.KA.B.JV Dhangadhi Kailali<br>11. Dragaon-Beacon JV Lalitpur Nepal<br>12. Royal-Black Buck-Jay Bageswori JV Gulariya Bardiya<br>13. Thegim-Majdoor-Nanjila & Akansha IV Surkhet | Date: 2078/08/29<br>Time: 02:00 PM<br>Venue: Bhairabi RM, Office Dailekh |

प्रमुख प्रशासकीय अधिकृत



## Saudi मा रोजगारको अवसर

कम्पनी:- My Mother Sweets Co., Al Qurayyat, Saudi Arabia

पूर्व स्वीकृती मिति २०७८।०८।१५ | चलानी नं. ६०१६९३१८ | LT.No. 252660

| सि. नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 03 | काममा दक्ष | 1500 | ४७,९२५/- | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | | छ | | २ वर्ष |

अन्तरवार्ता २०७८ मंसिर २३ गते (9 December 2021) मेनपावरको कार्यालय धापासीमा हुनेछ ।

वाईज ईण्टरनेशनल नेपाल प्रा. लि.
धापासी ७, बसुन्धारा काठमाण्डौ फोन नं.:-०१-४३७३३५१, ४३७३७८४, ४३७३८०७



## साउदीमा रोजगार

१. कम्पनी : MUSAED ABDUL LATIF AL-GHAMLAS CONTRACTING EST | शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०८/१५ | चलानी नं.: ६०१६९३३९ | LT. No.: 252593

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 15 | 0 | स. काममा दक्ष | 1000 | ३१,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : SALEH HAMAD AL HABIB TRADING EST | शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०८/१५ | चलानी नं.: ६०१६९३४५ | LT. No.: 252469

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter Furniture | 5 | 0 | स. काममा दक्ष | 1200 | ३८,३७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : FADEN WOOD PRODUCTS FACTORY CO.LTD. | शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७८/०८/१५ | चलानी नं.: ६०१६९३४४ | LT. No.: 252022

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
